# शारदा राजपत्र

## शारदा नगरपालिका द्वारा प्रकाशित

खण्ड ९ संख्या ५४ मिति २०८२।०३।२५

भाग २

शारदा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणका लागी प्रकाशन गरिएको छ ।

**बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०८२**

# शारदा नगरपालिका

# बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०३/२०

प्रमाणीकरण मितिः २०८२/०३/२३

**प्रस्तावनाः-**

नेपाल कृषि प्रधान देश हो। यहाँका झण्डै ६७% भन्दा बढी जनता कृषि पेशामा संलग्न छन्। शारदा नगरपालिकाको करिब ६२ % भन्दा बढी जनता र ६७% घर परिवार कृषि पेशामा संलग्न छन् भने रोजगारको ८०% कृषि क्षेत्रले धानेको छ । यस नगरपालिकाको प्रमुख लक्ष्य "कृषि, उद्योग र पर्यटनमा वृद्धि शारदा नगरको आर्थिक समृद्धि" भएको हुँदा सो लक्ष्य प्राप्तिको लागि अबको हाम्रो कार्यदिशा सुशासन सहितको आर्थिक समृद्धि हो। आर्थिक समृद्धि प्राप्तिका लागि कृषि, पशुपन्छीपालन पेशामा विशेष गरी यूवा र सबैलाई सहभागी गराई व्यवसायीकरण गराउदै लैजाने नीति यस नगरपालिकाले लिएको छ। यस नगरपालिकाका यूवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गरी विदेश पलायन हुनबाट रोकी जग्गा बाँझो राखी विभिन्न कारणले बजार पलायन हुने समस्या र बाहिर बस्ने व्यक्तिबाट जग्गा खरिद गरिलिई उत्पादनशील भूमीलाइ बाँझो राखी निष्कृय बनाइ त्यसबाट उत्पन्न हुने असहज परिस्थितिलाई मध्यनजर गरी विकल्प सहित जग्गा बाँझो नराख्न जग्गालाई उपयोग गर्न कृषिजन्य उत्पादनको आयातको प्रतिस्थापन गर्दै निर्यात गर्ने सरकारी नीतिलाइ कार्यान्वयन गर्न गराउन नेपालको संविधानको भाग ४ धारा ५१ को खण्ड ङ मा निर्दिष्ट राज्यको कृषि र भूमिसुधार सम्बन्धी नीति बमोजिम संवैधानिक अधिकार प्रयोग गरि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि शारदा नगरपालिकाले बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०८२ जारी गरेकोछ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यविधिको नाम "शारदा नगरपालिका बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०८२"

२. यो कार्यविधि शारदा नगरपालिका नगरकार्यपालिकाको बैठकले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेपछि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "सरकारी जग्गा" भन्नाले सडक, बाटो, सुरुङमार्ग, सरकारी घर, भवन, कार्यालय, बन, बुट्यान, जंगल, नदी, नाला, खोला, उकास, ताल, पोखरी, डिल, नहर, कुलो, ऐलानि, पर्ति भिर, पहरा, डगर बगर सम्झनु पर्छ।

(ख) "नगरप्रमुख" भन्नाले शारदा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(ग) "अभिलेख" भन्नाले दफा १० बमोजिम तयार गरिएको अभिलेख सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले शारदा नगरकार्यपालिका सम्झनु पर्दछ।

(ङ) "सार्वजनिक जग्गा" भन्नाले बाटो, कुवा, पानी, पधेरो, पानीघाट, इनार पोखरी, डिल, खोला संरक्षणको लागि बनाएको बाँध, निकास, गौचरण, मसानघाट, चिहान, पाटी, पौवा, देवल, धार्मिक स्थल, स्मारक, मठ, मन्दिर, चोक, ढल, चौतारो, हाटबजार लाग्ने ठाँउ, मनोरञ्जन / खेलकुद गर्ने ठाँउ सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शारदा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(छ) "बाँझो जग्गा" भन्नाले नगरपालिकाको क्षेत्र भित्र रहेको सार्वजनिक तथा कुनै व्यक्तिको नाममा नापी वा श्रेस्ता कायम भई सो व्यक्तिले कुनै खेती नगरी राखेको जग्गा सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले शारदा नगरपालिका भन्ने सम्झनु पर्छ।

(झ) "स्थानीय स्तर" भन्नाले शारदा नगरपालिकाको भौगोलिक क्षेत्र सम्झनु पर्छ।

(ञ) "वडा कार्यालय" भन्नाले शारदा नगरपालिकाको प्रत्येक वडामा स्थापना गरिएको वडा कार्यालयलाइ सम्झनु पर्छ।

(ट) "वडा अध्यक्षा" भन्नाले शारदा नगरपालिकाका प्रत्येक वडामा निर्वाचित वडा अध्यक्षा सम्झनु पर्छ।

(ठ) "जग्गाधनी भन्नाले" खेतीयोग्य जमीन बाँझो राख्ने जग्गाधनी भन्ने सम्झनु पर्दछ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुने छ :-

(क) यस नगरपालिकाको क्षेत्र भित्र रहेका सम्पूर्ण जग्गाहरुमा यस क्षेत्रको हावापानी माटोको उर्वरा शक्ति अनुसार खेती गराइ कृषि मार्फत आमनागरिकलाई आत्मनिर्भर गराउने।

(ख) हावापानी अनुसार पकेटक्षेत्र निर्धारणगरी कृषिका विभिन्न खेतीहरु फलफुल खेतीमा यस नगरपालिकालाई आत्मनिर्भर गराउने ।

(ग) यूवाहरुलाइ व्यवसायिक कृषि र पशुपालनमा अग्रसर गराइ स्थानीय बासीलाइ कृषि पेशा मार्फत उद्यमी बनाइ स्थानीयस्तरमा नै रोजगार प्रवद्धन गर्ने।

(घ) शारदा नगरपालिकालाई कृषिको पकेटक्षेत्रको रुपमा अगाडि बढाउनका निम्ती कृषकहरुलाई अनुदान र सहुलियतका प्याकेजका कार्यक्रमहरुको व्यवस्था गरिने।

(ङ) नगरपालिका भन्दा बाहिर रहेका वा विदेशबाट फर्किएका एवंम वैदेशिक रोजगारिमा जाने तयारिमा रहेका विपन्न यूवाहरुलाई तालिम सहित कृषि र पशुपालनका लागि प्रोत्साहन स्वरुपका विभिन्न कार्यक्रमहरु सिर्जना गर्ने।

(च) विभिन्न समयमा माहामारीका कारण खाद्य संकटको जोखिम न्यूनीकरण गर्न कृषि उत्पादन बढाउन बाँझो जग्गामा खेती गर्ने तथा पशुपालन गर्नेलाई अनुदान दिने।

(छ) बाँझो जग्गामा खेती गर्ने, पशुपालन गर्ने, फलफुल लगाउने, जडीबुटी लगाउने लाई बिभिन्न प्याकेजका अनुदान रकम उपलब्ध गराइने।

(ज) जमीन बाँझो राख्ने समस्या घटाइने, खेतीतर्फ आकर्षित गरेर उत्पादन बढाउने,आयात घटाउने, रोजगारि र आयआर्जन बढाउने ।

**४. बाँझो जग्गा उपयोग नीतिको कार्यान्वयन गर्ने**:

१. अनाज वा तरकारी खेतीलाई प्रोत्साहन गर्ने।

२. फलफुल खेतीलाई प्रोत्साहन गर्ने।

३. घाँस खेती तथा पशु पंक्षीपालनलाई प्रोत्साहन गर्ने।

४. जडीबुटी खेतीलाई प्रोत्साहन गर्ने।

५. काष्ठ प्रजातीका वनस्पती खेतीलाई प्रोत्साहन गर्ने।

६. माछापालन तथा मौरीपालनलाई प्रोत्साहन गर्ने।

७. होटेल, होम स्टे तथा अन्य पर्यटकीय संरचना निर्माणमा सहयोग पुर्याउने।

८. माटोको क्षयीकरण तथा उर्वराशक्ती ह्रास हुनवाट बचाउने।

९. अन्य कुनै पनि आयमुलक उद्योग वा उद्यमी गर्ने गराउने ।

**५.बाँझो जग्गा राखेमा कार्बाही सम्बन्धी व्यवस्था:**

१. निर्धारीत मिति र समय भित्र जग्गाधनीले जग्गा उपयोगमा नल्याएमा वा सरकारले स्थापना गर्ने भूमी बैंकमा नराखेमा नगरपालिकाले सोझै उक्त जग्गा उपयोगकोको प्रकृया अगाडि बढाउनेछ ।

२. सो बाँझो जग्गा आवश्यक कामको लागि नगरपालिकाले प्रयोगमा ल्याउन सकिने वा सरकारले स्थापना गर्ने भूमी बैंकमा राखिने वा व्यवसायिक कृषि तथा पशु पंछीपालन गर्न इच्छुक संस्था/समूह वा कृषकलाई उत्पादनका लागि प्रयोग गर्न दिइनेछ र कृषकले अनुसूची -१ को ढाँचामा सम्बन्धित वडा कार्यालयमा/नगरपालिका तथा निकायमा निवेदन दिनु पर्नेछ ।

३. बाँझो जमीन उपयोगमा ल्याउन नगरपालिकाद्वारा सम्बन्धित सबैलाई समय दिई सूचना जारी गर्नेछ । यदि कसैले अटेर गरेमा त्यस्तो जमीन नगरपालिकाले उपयोग गर्नेछ । त्यस्तो बाँझो जमीनबाट उत्पादन भएका खाद्य बस्तुहरु नगरपालिकाले स्थापना गरेको खाद्यान्न भण्डारमा जम्मा गरिनेछ । जमीन उपयोग गरेवापत नगरपालिकाले जग्गाधनीलाई कुनै भाडा दिने छैन । नगरपालिकाले कम्तिमा एक बर्ष उक्त जमीन प्रयोग गर्नेछ ।

४. बाँझो जग्गामा लगाइएको उत्पादित कृषि उपजको पूर्ण स्वामित्व बाली लगाउने संस्था/समूह वा कृषकको नै हुनेछ ।

५. जग्गाधनी स्वयमले नै जग्गा उपयोग गर्ने भएमा नगरपालिका, सम्बन्धित वडा कार्यालयलाई र खेती गरिरहेको बालि धनि कृषक समेतलाइ कम्तिमा ९० दिन पहिले सूचना दिनु पर्नेछ तर बालि लगाइरहेको अवस्थामा बालि भित्राएपछि मात्र जग्गाधनीले उपययोग गर्न पाउनेछ । नियमानुसार लाग्ने जग्गाको कर जग्गाधनीले नै तिर्नु पर्नेछ । जग्गाधनीले अवरोध गरेको कारणले भूमी बाँझो रहेमा सम्बन्धित जग्गाधनीसंग तोकिए बमोजिम नगरपालिकाले जरिवाना लिनेछ ।

**६. बाँझो जग्गा उपयोगको लागि नगरपालिकाबाट निम्न सेवा सुबिधा उपलब्ध गराइनेछः**

१. व्यवसाय संचालन गर्नको लागि शीपमूलक तालिम उपलब्ध गराइनेछ ।

२. व्यवसायिक प्रकृतीका आधारमा अनुदान उपलब्ध गरिनेछ ।

३. उद्यमशीलता तर्फ अग्रसर गराइ व्यवसायिक रुपमा कार्य गर्न वित्तिय संघ संस्था मार्फत सहुलियत ऋणको व्यवस्था गर्न सहयोग गरिनेछ ।

४. कृषकहरुको क्षमता विकास कृषि अनुदान तथा तालिमको व्यवस्था गरिनेछ ।

५. पशुपालन, विभिन्न बिउ, विजन घाँस तथा फलफुलका विरुवाहरुमा अनुदान उपलब्ध गराइनेछ ।

६. श्रोत व्यवस्था भएको अवस्थामा खानेपानी सिंचाईको व्यवस्था साझेदारी र समूह संस्थागत रुपमा उपलब्ध गराइनेछ ।

७. बाटो तथा अन्य आवश्यक पूर्वाधार निर्माणमा सहयोग पुर्याइनेछ ।

८. व्यवसाय संचालनका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

९. बाँझो जमीनलाई आवश्यक विउविजन र मलको व्यवस्था वडा कार्यालय मार्फत नगरपालिकाको कृषि शाखाले आवश्यक समन्वय गरि गर्नेछ ।

१०. विभिन्न मेसिनरी औजारहरु साझेदारी अनुदानमा उपलब्ध गराईनेछ ।

११. बाँझो जमीनबाट उत्पादित सामाग्रीलाई बजारसम्म लैजाने व्यवस्था गरिनेछ र धैरै उत्पादन हुने ठाँउमा कोलस्टोरको समेत व्यवस्था गरिनेछ ।

**७.बाँझो जमीन राखेमा भूमिकरमा बृद्धि गरिने :-**

१. कसैले यस कार्यविधि बमोजिम खेतीयोग्य जमीन बाँझो राखेमा त्यस्तो बाँझो राखेको जमीनको नगरसभाबाट अनुमोदन हुनेगरि भूमीकरमा वृद्धि गरिने छ। त्यस्तो बाँझो जग्गा जमीन स्वामित्वमा भएका व्यक्तिलाइ नगरपालिकाले प्रदान गर्ने अनुदानका कार्यक्रममा सहभागी नगराइने ।

२. कसैले यस कार्यविधि बमोजिम अटेर गरि बाँझो राखेको जग्गालाई कुनै जग्गा जमीन नभएको मानिसले वा दैनिक रुपमा गुजारा चलाउन मुस्किल भएका मानिसहरुले कमाउन चाहेमा नगरपालिकाले सोझै त्यस्तो बाँझो जग्गा कमाउने प्रयोजनका लागि मात्र कुनै व्यक्तिलाई उपलब्ध गराउन सक्नेछ ।

३. कसैले आफ्नो स्वामित्वको जग्गा कमाउन नसकेमा त्यस्तो जग्गा नगरपालिकाको सरकारद्वारा स्थापना गर्ने भूमी बैंकमा जम्मा गर्नु पर्ने छ र सरकारले स्थापना गरेको भूमी बैंकमा व्यवस्था भए बमोजिम नगरपालिकाले निर्णय गरि जग्गा अनुसारको शुल्क सम्बन्धित जग्गा धनीलाई दिइनेछ ।

**८. बाँझो जग्गा उपयोगको लागि नियमन गरिनेः** बाँझो जग्गा खेती गर्ने तथा उपयोग गरेवापत प्राप्त गर्ने अनुदान वितरणको लागि निम्न कार्य गरिनेछ ।

१. बाँझो जग्गा खेती गर्ने तथा उपयोग गर्नको लागि अनुदान प्राप्तको लागि यथार्थ अवस्था भन्दा फरक अभिलेख तयार गरि अनुदान लिन खोजेमा वा लिएमा नियमानुसार नियमन गरिनेछ ।

२. सिफारिस गर्ने तह वा समितिले सो अवस्थाको पूर्ण अध्ययन गरेर मात्र सिफारिस गर्नु पर्नेछ । अन्यथा आफै जिम्मेवारी बन्नु पर्नेछ ।

३. सामुहिक खेती वा पशुपालन वा सामुहिक उद्यमलाई पनि प्रति कठ्ठा, विगाहा तथा रोपनीका आधारमा वा निर्माण भएको संरचनाका आधारमा अनुदान सहयोग उपलब्ध गराइनेछ ।

४. अनुदान माग गर्दा सम्बन्धित व्यक्तिले पूर्ववत रुपमा आफु बसोबास गरेको जग्गाको आंशिक बाँझो जग्गाको अनुदान दावि गर्न सकिने छैन । आफु फर्किएर आए पश्चात वा पूण रुपमा बाँझो रहेको जग्गाको मात्र अनुदान माग दावी गर्न सकिनेछ ।

५. एक पटक अनुदान प्राप्त पश्चात निरन्तर जग्गा उपयोग गरीरहनु पर्दछ । अन्यथा जग्गा बाँझो राख्न पाइने छैन ।

६. जमीन भाडामा लिन चाहने र दिन चाहनेका लागि स्थानीय सरकारले सूचना जारी गर्नेछ ।

७. बाँझो जमीन खाली नराख्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

**९. बाँझो जग्गा छनौट समितिको व्यवस्थाः-** बाँझो जग्गा उपयोग गर्नेलाई प्रदान गरिने अनुदान वितरण गर्ने व्यक्ति छनौट सिफारिस समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | -संयोजक |
| (ख) सम्बन्धित वडाका वडा समितिका सम्पूर्ण वडा सदस्य | -सदस्य |
| (ग) सम्बन्धित टोलको टोल विकास समितिको प्रतिनिधि | -सदस्य |
| (घ) वडा समितिले मनोनित गरेको | -२ जना सदस्य |
| (ङ) वडा सचिव | -सदस्य सचिव |

समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित अन्य व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ । समितिको सचिवालय सम्बन्धित वडा कार्यालयमा रहनेछ । समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिले आवश्यक निर्णयहरुगरि यसै कार्यविधि बमोजिम व्यक्ति छनौट र अनुदान सम्बन्धि प्रकृयाहरु अगाडि बढाउनेछ । समितिले गर्ने कामहरुको प्रतिवेदन वडा कार्यालय मार्फत नगरपालिकामा पेश गर्नु पर्नेछ।

**१०. छनौट समितिको काम कर्तव्य र अधिकारः**

(क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकिकरण गर्ने ।

(ख) लाभग्राही छनौट र जग्गा उपलब्ध गराउने ।

(ग) जमीन बाँझो राख्ने जग्गाधनी, खेती गर्ने कृषक र वडा कार्यालयसंगको त्रिपक्षीय संझौता गर्न समन्वय गर्ने ।

**११. अनुगमन, सुपरीवेक्षण तथा गुनासो व्यवस्थापन समितिः** बाँझो जग्गा उपयोग सम्बन्धी समग्र कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न तपसिलको एक अनुगमन, सुपरिवेक्षण तथा गुनासो व्यवस्थापन समिति गठन गरिएको छ।

(क) नगर उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य

(घ) आर्थिक विकास समिति संयोजक -सदस्य

(ङ) पशु सेवा शाखाका प्रमुख -सदस्य

(च) सहकारी इकाई प्रमुख -सदस्य

(छ) कृषि विकाश शाखाका प्रमुख -सदस्य सचिव

अनुगमन समितिले अनुगमन गरी मासिक रुपमा अनुगमन प्रतिवेदन नगरकार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ।

**१२. अभिलेख राख्नेः** बाँझो जग्गा सम्बन्धी अभिलेख सम्बन्धित टोल विकास समिति, राजनैतिक दलका प्रतिनिधि र समाजसेवीको सिफारिसमा वडा कार्यालय मार्फत संकलन गरिनेछ। तथ्यांक संकलन सम्बन्धी समय र विधि नगरपालिकाले तोके बमोजिम हुनेछ। वडास्तरीय जग्गाको अभिलेख सम्बन्धित वडा कार्यालयमा र समग्र नगरस्तरीय जग्गाको अभिलेख नगरपालिकाको भूमी तथा नापी इकाईमा राखिनेछ। सो अभिलेखको ढाँचा अनूसूची-२ बमोजिम राखिनेछ।

**१३. गुनासो दर्ता गर्न सक्नेः** नगरपालिकाले बनाएको यस कार्यविधि अनुसार कार्य गर्दा कसैलाई हानी नोक्सानी परेमा अनुगमन, सुपरीवेक्षण तथा गुनासो व्यवस्थापन समिति समक्ष गुनासो राख्न सकिनेछ।

**१४. प्रचलित कानुन बमोजिम हुनेछः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि अनुसार र अन्य विषयको हकमामा प्रचलित कानुन बमोजिम हुनेछ।

**१५. बचाउः** यस कार्यविधिको उद्देश्य तथा विषयवस्तु प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**१६. कार्यविधि हेरफेर गर्न सक्नेः** नगरकार्यपालिकाले आवश्यकतानुसार यो कार्यविधि हेरफेर तथा थपघट गर्न सक्नेछ।

**अनुसूची-१**
**बाझो जग्गा उपयोगको लागि**
**निवेदनको ढाँचा**

मितिः……………….

श्री वडा अध्यक्ष ज्यू,
…………नं. वडा कार्यालय
शारदा नगरपालिका, सल्यान।

विषयःबाँझो जग्गामा खेती गरिपाँउ।

महोदय,
प्रस्तुत विषयमा यस शारदा नगरपालिकाको मिति………………. गतेको सूचना बमोजिम बाँझा रहेको खेतीयोग्य जग्गा जमीनमा कृषि उत्पादन कार्य गर्न इच्छुक किसानलाई जग्गा उपलब्ध गराउने कार्यक्रम अनुसार म............. लाई जग्गा उपलब्ध गराईदिनु हुन भनि आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु।
संलग्न कागजहरुः

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. पाँसपोर्ट साईजको रंगिन फोटो ३

निवेदकः
नामथरः
ठेगानाः…………न.पा./गा.पा. वडा नं…………(…………टोल)
सम्पर्क नं.:………………………………..
हस्ताक्षरः…………………………….

**अनुसूची-२**
**शारदा नगरपालिका नगरकार्यपालिकाको कार्यालय खलंगा,सल्यान**
**बाँझो जग्गाको लगत विवरण**

| क्र. स. | जग्गाधनीको | | | जग्गाको विवरण | | | खेती/पशुपालन गर्ने व्यक्ति/संस्था/फर्मको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम थर | ठेगाना | सम्पर्क नं | कित्ता नं. | क्षेत्रफल(विगाहा,रोपनी,कठ्ठा, धुर) | जग्गाको किसिम | नाम | स्थियी ठेगाना | सम्पर्क नं. | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**सूचकको**
नाम थरः……………………..
सम्पर्क नं……………………
हस्ताक्षरः……………………
मितिः……………………….

**रुजु गर्नेको**
नाम थरः………………………
पदः…………………………..
सम्पर्क नं……………………..
हस्ताक्षरः……………………..

**प्रमाणित गर्नेको**
नामः…………………
पदः वडा अध्यक्ष

आज्ञाले
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत